**आकाशवाणी समाचार- नेपाली**
मितिः ०१ मई २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- आज बुद्ध पूर्णिमा संसारभर हर्सोल्लासको साथ् मनाईदैछ। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, **प्रधानमन्त्री नरेन्द्र मोदी , गृहमन्त्री अमित शाह** लोकसभा अध्यक्ष ओम बिरला लगायतले देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ।

- कलकत्ता उच्च न्यायालयले मतगणना केन्द्रहरूमा पर्यवेक्षकहरू रुपमा केन्द्र सरकारका कर्मचारीहरूको नियुक्तिलाई चुनौती दिँदै तृणमूल कांग्रेसले दायर गरेको याचिका खारेज गरेको छ।

- तृणमूल कांग्रेसकी प्रमुख तथा मुख्यमन्त्री ममता बनर्जीले पश्चिम बंगालमा तृणमूल कांग्रेसले २२६ भन्दा अधिक सिट जित्ने दाबी गर्नुभयो।

- निर्वाचन आयोगले मतगणना केन्द्रको सुरक्षाका लागि क्यूआर कोडमा आधारित फोटो परिचयपत्र लागू गर्ने निर्णय गरेको छ।

- संसारभरका श्रमजीवीलाई सम्मान गर्ने उद्देश्यले आज श्रम दिवस मनाइँदैछ।

**<u>बुद्ध पूर्णिमा</u>**

आज बुद्ध पूर्णिमा संसारभर हर्सोल्लासको साथ् मनाईदैछ। आजकै दिन भगवान् गौतम बुद्धको जन्म, ज्ञानको प्राप्ति बुद्धत्व र महापरिनिर्वाण भएको थियो। उहाले बिहारको बोधगयामा महाबोधि वृक्षमुनि बुद्धत्व प्राप्त गर्नुभयो। यो विशेष गरी भारत, नेपाल, भुटान, म्यानमार, थाइल्यान्ड, तिब्बत, कोरिया, लाओ, भियतनाम, मङ्गोलिया, कम्बोडिया, सिङ्गापुर, इन्डोनेसिया र श्रीलङ्कामा मनाइन्छ। यता समग्र उत्तर बगाल सगै दार्जिलिंग पहाडको बिबिन्न स्थानहरुमा रहेको गुम्बाहरुमा बुद् जयन्ती बडो हर्सोल्लासको साथमा पालन गरिने छ भने धार्मिक पुस्तकहरुको साथमा शोभायात्रा सहितको कार्यक्रमहरु गरिने खबरहरु प्राप्त भएको छ।

**<u>प्रधानमंत्री-शाह - बुद्ध पूर्णिमा</u>**

राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी , गृहमन्त्री अमित शाह र लोकसभा अध्यक्ष ओम बिरलाले बुद्धपूर्णिमाका अवसरमा शुभकामना व्यक्त गर्नुभयो। आफ्नो सन्देशमा राष्ट्रपतिले, "यो शुभ दिन भगवान बुद्धको पृथ्वीमा आगमन, बुद्धत्व र महापरिनिर्वाणको ऐतिहासिक घटनाको प्रतीक रहेको बताउनु भयो। उहाले भन्नुभयो करुणा, अहिंसा, शान्ति र ज्ञानको उनको अनन्त सन्देशले सम्पूर्ण मानवतालाई मार्गदर्शन गर्नेछ। यस्तै आफ्नो सन्देशमा प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, सरकार भगवान बुद्धका आदर्शहरूलाई साकार पार्न प्रतिबद्ध छ। उहाले भगवान बुद्धको विचारले समाजमा खुशी र एकताको भावना बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो। केन्द्रीय गृहमन्त्री अमित शाहले भन्नुभयो, भगवान बुद्धको जीवनले हामीलाई सत्य, अहिंसा र करुणाको मार्गमा चल्दै मानव कल्याणको लागि निरन्तर प्रयास गर्न प्रेरित गर्दछ। श्री शाहले भगवान् बुद्धको अमूल्य ज्ञानले युगौंयुगसम्म मानव सभ्यतालाई उज्यालो बनाइरहने बताउनु भयो। लोकसभा अध्यक्ष ओम बिरलाले आफ्नो सन्देशमा 'वैशाख महिनामा पर्ने बुद्ध पूर्णिमा आत्म-

चिन्तन, जागरूकता, आध्यात्मिकता र मानवताको मार्गमा अघि बढ्ने संकल्प हो। उहाले भगवान् बुद्धको सम्पूर्ण जीवन त्याग, ज्ञान र करुणाको असाधारण यात्रा भएको बताउनु भयो ।

## सर्वोच्च न्यायालय-टीएमसी याचिका

कलकत्ता उच्च न्यायालयले मतगणना केन्द्रहरूमा पर्यवेक्षकहरू रुपमा केन्द्र सरकारका कर्मचारीहरूको नियुक्तिलाई चुनौती दिँदै तृणमूल कांग्रेसले दायर गरेको याचिका खारेज गरेको छ। न्यायमूर्तिकृष्ण रावले आफ्नो फैसलामा 'निर्वाचन आयोगसँग राज्य सरकार वा केन्द्र सरकारबाट मतगणना पर्यवेक्षक र मतगणना सहायकहरू नियुक्त गर्ने अधिकार रहेको बताउनु भयो । न्यायालयले केन्द्र सरकार वा केन्द्रीय सार्वजनिक क्षेत्रका उपक्रमहरूले मतगणना पर्यवेक्षक र मतगणना सहायकहरूको नियुक्ति गैरकानुनी नभएको बताएको छ। फैसलामा भनिएको छ, 'जनप्रतिनिधित्व कानूनको धारा १०० अन्तर्गत यदि पछि यो प्रमाणित भयो कि निर्वाचन आयोगको निर्णयले अनुचित फाइदा पुर् यायो जसका कारण तृणमूल उम्मेदवार भारतीय जनता पार्टीका उम्मेदवारसँग पराजित भए परिणामलाई कानुनी रूपमा चुनौती दिन सकिन्छ।

## ममता बनर्जी

पश्चिम बंगाल विधानसभा चुनावलाई लिएर तृणमूल कांग्रेसकी प्रमुख तथा मुख्यमन्त्री ममता बनर्जीले पश्चिम बंगालमा तृणमूल कांग्रेसले २२६ भन्दा अधिक सिट जित्ने ममताले दाबी गर्नुभयो । एक भिडियो सन्देशमा उहाले यस्तो गर्मी र कठिन परिस्थितिको बाबजुद लामो लाइनमा उभिएर मतदान गरेकोमा राज्यका जनतालाई धन्यवाद दिनुभयो भने पार्टीका सम्पूर्ण कार्यकर्ताको प्रशंसा पनि गर्नुभयो । उहाले भन्नुभयो, 'बंगाललाई दबाउन खोज्नेहरूलाई जनताले आफ्नो मतमार्फत उचित जवाफ दिएका छन् ।

## मतगणना केंद्र

पश्चिम बंगालमा विधानसभा चुनावको मतगणना अघि निर्वाचन आयोगले ठूलो निर्णय लिँदै मतगणना केन्द्रको संख्या घटाएको छ । मुख्य निर्वाचन अधिकृत कार्यालयका अनुसार हाल २९४ विधानसभा सिटको मतगणना ७७ केन्द्रमा हुनेछ । आयोगले प्रत्येक केन्द्रको विवरण सहितको जिल्लागत नामावली पनि सार्वजनिक गरेको छ । २०१६ को विधानसभा चुनावमा राज्यमा ९० मतगणना केन्द्र थिए, जबकि २०२१ मा उनीहरूको संख्या बढेर १०८ पुगेको थियो। तर गत 17 अप्रैलमा आयोगलाई त्यसलाई घटाएर ८७ गरेको थियो भने हाल ७७ पुर्याएको छ। मतगणना अघि केन्द्रहरू पुनर्विन्यास गर्ने निर्णयमा तृणमूल कांग्रेसले प्रश्न उठाएको छ। जिल्लागत तथ्यांकअनुसार अलीपुरद्वारमा एक, बाँकुरामा तीन, वीरभूममा तीन, कुचबिहारमा पाँच, दक्षिण दिनाजपुरमा दुई, दार्जिलिङमा तीन, हुगलीमा पाँच, हावडामा चार, जलपाइगुडीमा दुई, झारग्राममा एक, कालिम्पोङमा एक, कोलकातामा पाँच, (उत्तरमा एक, दक्षिणमा चार), मालदामा दुई, मुर्सिदावादमा पाँच, नदियामा चार, उत्तर २४ परगनामा सात, पश्चिम बर्धमानमा दुई, पश्चिम मेदिनीपुरमा तीन, पूर्व वर्धमानमा चार, पूर्व मेदिनीपुरमा चार, पुरुलियामा तीन, दक्षिण २४ परगनामा ६ र उत्तर दिनाजपुरमा दुई मतगणना केन्द्र बनाइएको छ।

## स्ट्रॉन्ग-रूम-सुरक्षा

मतदान सकिएपछि अब सबैको नजर स्ट्रङ रुमको सुरक्षा व्यवस्थामा केन्द्रित भएको छ । यसैबीच नेताजी इन्डोर स्टेडियमलाई उत्तरी कोलकाताको महत्त्वपूर्ण डीसीआरसी केन्द्र र स्ट्रङ रूमको रूपमा प्रयोग गरिएको छ। हालै सामाजिक सञ्जालमा वर्षाका कारण स्ट्रङ रुममा पानी पसेको हल्ला चलेको थियो । प्रशासन र निर्वाचन आयोगले यो समाचार सरासर गलत र आधारहीन भएको स्पष्ट पारेको छ । मतदान सकिएपछि स्ट्रङरुमको सुरक्षा कैयौं गुणा बढाइएको छ । पहिलो तहमा सशस्त्र केन्द्रीय बल तैनाथ गरिएको छ, जसले २४ घण्टे सिफ्टमा सुरक्षा दिइरहेका छन् । सम्पूर्ण स्टेडियम परिसर र स्ट्रङ रुमको प्रत्येक भागलाई सीसीटीभी क्यामेराले निगरानी गरिरहेको छ ताकि कुनै पनि गतिविधिलाई तुरुन्त निगरानी गर्न सकियोस् । राज्य पुलिस र केन्द्रीय बलको संयुक्त प्रयासमा यहाँ तीन तहको सुरक्षा घेरा बनाइएको छ । अनुमतिबिना कसैलाई पनि स्ट्रङ रुम वरपर जान दिइएको छैन । साथै सीसीटीभी फुटेज हेर्नका लागि ठुला मनिटर जडान गरिएको छ, जसलाई राजनीतिक दलका प्रतिनिधिले पनि निगरानी गर्न सक्छन् ।

**क्यूआर कोड**

निर्वाचन आयोगले पश्चिम बंगाल सहित अन्य राज्य अनि केन्द्र शासित प्रदेशहरुमा ४ मे मा हुने मतगणना गर्ने तयारी गरेको छ। आयोगले मतगणना केन्द्रको सुरक्षाका लागि क्यूआर कोडमा आधारित फोटो परिचयपत्र लागू गर्ने निर्णय गरेको छ। यो नयाँ व्यवस्थाको उद्देश्य मतगणना केन्द्रमा अनधिकृत व्यक्तिको प्रवेशलाई रोक्नु हो। यसलाई नयाँ प्रणाली (ईसीआईनेट) प्रणालीमार्फत कार्यान्वयन गरिने आयोगले जनाएको छ। ४ मेमा विधानसभा चुनावको मतगणना सुरु हुनेछ। मतगणना आसाम, केरला, तमिलनाडु, पश्चिम बंगाल र पुदुच्चेरीमा हुनेछ। यसका साथै पाँच राज्यका सात विधानसभा सिटमा हुने उपनिर्वाचनमा पनि यो व्यवस्था लागू हुनेछ। यसलाई अघि लोकसभा र सबै विधानसभा चुनावमा पनि लागू गरिनेछ। आयोग स्रोतका अनुसार पहिचान जाँचका लागि मतगणना केन्द्रमा तीन तहको सुरक्षा व्यवस्था गरिनेछ।

**श्रम दिवस**

संसारभरका श्रमजीवीलाई सम्मान गर्ने उद्देश्यले आज श्रम दिवस मनाइँदैछ। यसलाई मई दिवस पनि भनिन्छ। यस दिन आर्थिक र सामाजिक अधिकारका लागि श्रमिकले गरेको बलिदानको सम्झना संसारभर गरिन्छ।सन् १८८६ मा अमेरिकाका कामदारहरूले दैनिक आठ घण्टा काम गर्नुपर्ने माग गर्दै ठूलो प्रदर्शन गरे जो शिकागोमा हिंसात्मक रुप लियो, जसले गर्दा धेरै मानिसहरू घाइते भए। हेमार्केट कांड भनेर प्रसिद्ध यो घटनाले अन्तर्राष्ट्रिय मजदुर दिवसको सुरुवातलाई चिह्नित गर्यो। १८८९ मा युरोपका धेरै समाजवादी पार्टीहरूले १ मेलाई अन्तर्राष्ट्रिय मजदुर दिवसको रूपमा मनाउने निर्णय गरेपछी यस दिनलाई श्रमीक दिवसको रुपमा मनाईन्छ।

****** ० ******